जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## बैठक नं. २१

आज मिति २०८२ साल जेठ २५ गते आइतबारका दिन विहान ७:३० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति :-**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | लक्ष्मी |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | राधा |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

१९. श्री सन्तराम कठरिया, प्रशासन शाखा प्रमुख

२०. श्री नेत्र प्रसाद जैशी, वन, वातावरण तथा विपद् शाखा

२१. श्री अभिषेक डगौरा थारु, जि. सि.

**प्रस्ताव नं. १ :- कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।**

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भएका पूर्व निर्णयहरुको कार्यान्वयन समीक्षा गर्दा निर्णय कार्यान्वियनको अवस्था सन्तोषजनक पाईयो ।

**प्रस्ताव नं. २ :- सीमा विवाद सम्बन्धमा ।**

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा लम्की-टीकापुर सडक खण्ड अन्तर्गत हालको जानकी-५ अमौरीमा अवैध रुपमा निर्माण भईरहेको गेट निर्माण कार्य रोक्न सबै पक्ष सशक्त भएर लाग्ने निर्णय गरियो । राज्य पुनर्संरचना हुँदा साविकको पथरैया गा.वि.स. मिलेर स्थापना भएको जानकी गाउँपालिका तथा साविकको नक्साको आधारमा बनेको जानकीको सीमा अतिक्रमण रोक्न आवश्यक पहल, सहजीकरण गरिदिन साथै जानकी गाउँपालिकाको क्षेत्रमा कुनै किसिमको संरचना बनाउन रोक लगाई दिन सम्वन्धित सरोकारवालालाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३:- सम्मानित अदालतमा रिट निवेदन दायर गर्न अख्तियारी दिने सम्बन्धमा ।**

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा जिल्ला कैलाली लम्कीचुहा नगरपालिकाका नगर प्रमुख सुशिला शाहीले जानकी गाउँपालिकासँग समन्वय नगरी जि.कै. जानकी गाउँपालिका वडा नं. ५ अमौरी स्थित लम्की-टीकापुर सडकखण्डमा गेट निर्माण गर्न लागेको र उक्त गेट निर्माण कार्य दुवै पालिकाको सिमानामा हुनुपर्ने तर जानकी गाउँपालिकाको क्षेत्रमा मात्र पर्ने भएकोले उक्त कार्य तत्काल रोक्नका लागि सम्मानित अदालतमा रिट निवेदन दायर गर्न, तारिखमा रुजु हाजिर रहन, कानून व्यवसायी नियुक्त गर्ने लगायत मुद्दाका सम्बन्धमा सम्पूर्ण कार्य गर्नको लागि जानकी गाउँपालिकाको कार्यालयमा कार्यरत सहायक पाँचौ श्री खेम बहादुर कठरियालाई अख्तियारी दिने निर्णय गरियो ।

आशिश चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०७८।०८।२५
गणेश चौधरी
अध्यक्ष